# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १५१/०७३/७४

निर्णय नं. ३२

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ..............................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, कृषि सामग्री कम्पनी लि. ..............................१ विपक्षी
सूचना अधिकारी, कृषि सामग्री कम्पनी लि. ..............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले कृषि सामग्री कम्पनी लि. समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी कृषि सामग्री कम्पनी लि.का कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. कृषि सामग्री कम्पनी लि.ले आ. ब. २०७२/७३ मा खरिद गरेको सबै प्रकारको रसायनिक मलको लागि निकालिएको टेन्डर नोटिसको प्रतिलिपि, टेन्डर दाखिला गर्ने कम्पनीहरुको विवरण, कबोल गरिएको रकम, टेन्डर प्राप्त गर्ने कम्पनीको स्विकृत रकम, ढुवानी भाडा समेतको बिवरण, सरकारी अनुदान प्रत्येक मलको छुट्टाछुट्टै (प्रतिबोरा) बिवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भदौ २८ गते रोज ३ शुभम् ।